# स्थानीय राजपत्र

**बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड-: ४ संख्या-: १९ मिति-: २०७८/१०/०९**

## भाग–२

# छात्रबृत्ति बितरण कार्यबिधि, २०७८

**प्रस्तावना**

बोगटान फुड्सिल गाउँपालिकामा शैक्षिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले अति बिपन्न, दलित तथा जेहेन्दार बिद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नु पर्ने वान्छनीय भएकोले बोगटान फुड्सिल गाउँपालिको शिक्षा ऐन, २०७५ को दफा ४६ र गाउँपालिकाको प्रशासकीय कार्यबिधि, २०७५ ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो छात्रबृत्ति बितरण कार्यविधि, २०७८ स्वीकृत गरि जारी गरेको छ ।

### परिच्छेद्–१
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “बोगटान फुड्सिल गाउँपालिकाको छात्रबृत्ति बितरण कार्यविधि, २०७८” रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा
क. “कार्यपालिका” भन्नाले बोगटान फुड्सिल गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।
ख. “अध्यक्ष” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।
ग. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
घ. “एम बि बि एस” भन्नाले चिकित्सा विज्ञान बिषयको स्नातक तहलाई सम्झनु पर्दछ ।
ङ. “बि भि एस्सी एण्ड ए एच” भन्नाले पशु चिकित्सा विज्ञान बिषयको स्नातक तहलाई सम्झनु पर्दछ ।
च. “बि एस्सी एजी” भन्नाले कृषि बिज्ञान बिषयमा स्नातक तहलाई सम्झनु पर्दछ ।

छ. “बी एस्सी फोरेष्टी” भन्नाले बन बिज्ञान बिषयमा स्नातक तहलाई सम्झनु पर्दछ ।

ज. “शिक्षा शाखा” भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्न बिभाग वा इकाईलाई सम्झनु पर्दछ ।

झ. “सिटिईभिटी” भन्नाले प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सम्झनु पर्दछ ।

ञ. “सामुदायिक बिद्यालय” भन्नाले स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन समितिले जिम्मा लिएको बिद्यालय सम्झनु पर्छ ।

ट. “डिप्लोमा“ भन्नाले प्राबिधिक प्रविणता प्रमाणपत्र तहको जुनसुकै कोर्षलाई सम्झनु पर्दछ ।

ठ. “एल एल बी” भन्नाले कानुन बिषयमा स्नताक तहलाई सम्झनु पर्दछ ।

ड. “बि ई“ भन्नाले ईन्जिनियरिङ्ग बिषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

## परिच्छेद्–२
## छात्रबृत्ति प्रदान गर्ने बिषय र आवश्यक न्यूनतम् योग्यता

३. **छात्रबृत्ति प्रदान गर्न सकिने बिषयहरु :** (१) यो कार्यबिधि अन्तरगत प्रविणता प्रमाण पत्र र स्नातक तहमा अध्ययनको लागि तपशीलमा उल्लेख भए बमोजिमको कोर्षहरु अध्ययन गर्न छात्रबृत्ति प्रदान गर्न सकिनेछ :

(क) प्रमाण पत्र तह (नर्सिङ्ग)
(ख) डिप्लोमा इन एग्रिकल्चर (बाली बिज्ञान)
(ग) डिप्लोमा इन एग्रिकल्छर (पशु बिज्ञान)
(घ) डिप्लोमा इन फोरेष्टी
(ङ) डिप्लोमा इन सिभिल ईन्जिनियरिङ्ग
(च) डिप्लोमा इन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स ईन्जिनियरिङ्ग
(छ) प्रमाणपत्र तह सामान्य चिकित्सा
(ज) प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी
(झ) प्रमाणपत्र तह डेण्टल साइन्स
(ञ) बी. फार्मेसी
(ट) बी एस्सी एजी
(ठ). बी भि एस्सी
(ड) एम वि वि एस
(ढ). बी ई (सिभिल एण्ड मेकानिकल)
(ण) एल एल बि
(त) बी एस्सी फोरेष्टी

(२) उपदफा (१) बमोजिमको छात्रबृत्ति प्रदान गर्दा कोर्षमा लाग्ने जम्मा शुल्कको बढीमा ५० प्रतिशतसम्म गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ । तर अति बिपन्न बिद्यार्थीहरुको हकमा गाउँपालिकाले आधार प्रमाणहरु सहित निर्णय गरि शत प्रतिशत छात्रबृत्ति दिन सक्नेछ ।

४. **छात्रबृत्ति प्राप्त गर्न आवश्यक न्यूनतम् योग्यता :** (१) छात्रबृत्ति प्राप्त गर्ने बिद्यार्थीले निम्न योग्यता पुरा गरेको हुनु पर्नेछ :

(क) बोगटान फुड्सिल गाउँपालिकाको स्थायी बासिन्दा भएको
(ख) अति बिपन्न, दलित तथा जेहेन्दार बिद्यार्थी
(ग) सामुदायिक बिद्यालय/शिक्षालयबाट सम्वन्धित कोर्षका लागि तोकिएको योग्यता पुरा गरेको

(घ) सम्वन्धित निकायले लिने प्रवेश परीक्षा (ईन्ट्रान्स) मा नाम निकाल्न सफल भएको

(ङ) भविश्यमा सरकारी सेवाका लागि अयोग्य हुने गरि कुनै कसुर गरेको प्रमाणित नभएको

(२) उपदफा (१) अनुसारको योग्यता पुगेका व्यक्तिले छाबृत्तिका लागि गाउँपालिकाका अनुसूची–१ बमोजिमको निवेदन दिन सक्नेछन् ।

(३) निवेदनसंग उपदफा (१) को योग्यता खुल्ने प्रमाणहरुका साथै आफुले अध्ययन गरिसकेपछि प्रमाण पत्र तहको हकमा कम्तीमा दुई बर्ष र स्नातक तहको हकमा कम्तीमा तीन बर्ष गाउँपालिकाभित्रै रहेर सेवा गर्ने छु भनी अनुसूची-२ को प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्नेछ ।

५. यस परिच्छेद्मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि अन्य बिधा वा बिषयमा अध्ययन गरिरहेका दफा ४ को उपदफा (१) बमोजिम योग्यता पुगेका अति बिपन्न, दलित तथा जेहेन्दार बिद्यार्थीहरुलाई शिक्षा शाखाको सिफारिसमा गाउँपालिकाले छात्रबृत्ति प्रदान गर्न सक्नेछ ।

६. यस परिच्छेद् बमोजिमको छात्रबृत्ति एकाघरको सगोलमा रहेको परिवारको एक व्यक्तिले एक कोर्षका लागि मात्रै पाउनेछ ।

## परिच्छेद–३
## छात्रबृत्ति छनौट तथा सिफारिस समिति

७. **समिति सम्वन्धी व्यवस्था** : (१) छात्रबृत्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकालाई सिफारिस गर्न देहाय वमोजिमको छात्रबृत्ति छनौट तथा सिफारिस समिति रहनेछ :

क) गाउँपालिकाको अध्यक्ष – संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष – सदस्य

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक –सदस्य

ङ) गाउँ कार्यपालिकाका सदस्यहरुमध्येबाट संयोजकले छानेका एक जना महिला सदस्य – सदस्य

च) माध्यमिक तहका सामुदायिक बिद्यालयका प्रधानाध्यापकहरुमध्येबाट संयोजकले छानेका कम्तीमा स्नातक तह उत्तीर्ण गरेका कम्तीमा एक महिला सहित दुई जना – सदस्य

छ) गाउँपालिकाभित्र सञ्चालनमा रहेको प्राविधिक बिद्यालयको प्रमुख – सदस्य

ज) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) को प्रयोजनका लागि तोकिएको योग्यता पुगेको महिला प्रधानाध्यापक नभएमा माध्यमिक तहमा सामाजिक बिषय अध्यापन गराईरहेका महिला शिक्षकहरुबाट छान्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (छ) प्रयोजनको लागि प्राविधिक शिक्षालय अलग्गै नभई सामुदायिक बिद्यालयमै सञ्चालन भएको अवस्थामा प्राविधिक धारको संयोजकलाई छनौट गर्न सकिनेछ ।

८. **छात्रबृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार** : छात्रबृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. गाउँपालिकाभित्र बिपन्न, दलित र जेहेन्दार छात्रछात्राहरुको पहिचान गर्ने

ख. छात्रबृत्ति शिर्षकमा बजेट बिनियोजन गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने

ग. छात्र्त्तिको कोटा निर्धारण गरि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने

घ. छात्रबृत्तिका लागि बिद्यार्थी छनौट प्रक्रिया सञ्चालन गर्ने

ङ. छनौट भएको बिद्यार्थीहरुको नाम नामेसी सहितको बिवरण राखी गाउँपालिकालाई सिफारिस गर्ने

च. छनौट भएका बिद्यार्थीहरुसंग प्रतिवद्धता गराउने

छ. छात्रबृत्तिबाट अध्ययन गरिरहेका बिद्यार्थीहरुको प्रगतिको वारेमा अनुगमन गर्ने र सो प्रतिवेदन गाउँ कार्यपालिकालाई दिने

९. **भुक्तानी सम्वन्धी व्यवस्था** : (१) छात्रबृत्तिका लागि छनौट भएका बिद्यार्थीहरुले सम्वन्धित शिक्षण संस्थानमा बुझाएको रसिद, भर्ना भएको प्रमाण र शिक्षालयको नियमित अध्ययन गरिरहेको भन्ने व्यहोराको पत्र सहित निवेदन दिनु पर्नेछ ।

(२) भुक्तानीका लागि दफा ७ बमोजिमको समितिको सिफारिसमा गाउँपालिकाले भुक्तानी दिनेछ । भुक्तानी दिँदा चौमासिक वा बार्षिक रुपमा गर्न सकिनेछ ।

(३) छात्रबृत्तिका लागि छनौट भएका बिद्यार्थी कोर्ष पुरा नगरि बिचमै पढाई छोडेको खण्डमा गाउँपालिकाले छात्रबृत्ति रकम भुक्तानी गर्ने छैन ।

(४) छात्रबृत्ति रकम निज बिद्यार्थीको बैङ्क खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ ।

## परिच्छेद–४
## छात्रबृत्ति कोषको स्थापना

**१०. कोषको स्थापना :** (१) छात्रबृत्ति प्रदान गर्ने उद्देश्यले गाउँकार्यपालिकाको मातहतमा रहने गरि छुट्टै छात्रबृत्ति कोषको स्थापना गरिनेछ ।

(२) कोषको छुट्टै बैङ्क खाता हुनेछ । बैङ्क खाता गाउँपालिकाको संचित कोष खाता रहेको बैङ्कमा खोलिनेछ ।

(३) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संर्युक्त दस्तखतबाट उक्त खाता सञ्चालन हुनेछ ।

(४) कोष स्थापना भई नसकेको अवस्थामा गाउँकार्यपालिकाले निर्णय गरि सोझै भुक्तानी गरिनेछ ।

**११. कोषको आम्दानी :** कोषमा देहाय बमोजिमको स्रोतबाट आएको रकम जम्मा हुनेछ :

क. गाउँपालिकाको बार्षिक बजेट मार्फत छात्रबृलत्त कोषमा जम्मा हुने रकम,

ख. सरकारी तथा गैरसरकारी संघसंस्था तथा अन्य दाताहरुबाट प्रचलित कानून बमोजिम प्राप्त रकम,

ग. व्यक्तिगत रुपमा सहयोगकर्ताबाट प्राप्त रकम

घ. कोषको लागि अभियानबाट जम्मा भएको रकम

## परिच्छेद् – ५
## बिबिध

**१२. कोषको लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा परीक्षण कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण कानून बमोजिक हुनेछ ।

**१४. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यबिधिको कायान्वयनका क्रममा कुनै बाधा परेका उक्त बाधा फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

**१५. निश्कृय हुने** : यस कार्यबिधिमा भएका प्राव्धानहरु गाउँपालिकाले निर्माण गरेका ऐनहरु र अन्य प्रचलित कानूनसंग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची–१

(दफा ४ को उपदफा (२) संग सम्वन्धित)

छात्रबृत्तिका लागि दिईने निवेदनको ढाँचा

| |
|---|
| दुवै कान देखिने गरि हालसालै खिचेको फोटो |

श्री संयोजक ज्यू

बोगटान फुड्सिल गाउँपालिका

छात्रबृत्ति छनौट तथा सिफारिस समिति, डोटी

बिषय : छात्रबृत्तिका लागि छनौट गरि पाउँ ।

| | |
|---|---|
| १. बिद्यार्थीको नाम : | २. स्थायी ठेगाना : |
| २. अध्ययनरत तह : | ४. लिङ्ग : |
| ५. जन्ममिति : | ६. शारीरिक अवस्था *(अपाङ्ग भए परिचय पत्रको प्रतिलिपी पेश गर्नु पर्ने)* : |
| ७. जातिगत अवस्था : क) दलित, ख) जनजाती, ग) अन्य | |
| ८. अध्ययनरत शिक्षालयको नाम/ठेगाना : | |
| ९. अध्ययनरत शिक्षालयको किसिम : क) सामुदायिक, ख) संस्थागत | |
| १०. यस अघि अध्ययन गरेको बिद्यालय/शिक्षालयको नाम र ठेगाना | |
| ११. सम्पर्क नं. | १२. नागरिकता/परिचयपत्र नं. |
| १३. बुवाको नाम थर | १४. आमाको नाम थर |
| १५. बुवा आमाको अवस्था : क) दुवै भएको, ख) बुवा नभएको आमा भएको, ग) आमा भएको बुवा नभएको, घ) आमा बुवा दुवै नभएको | |
| १६. SLC/SEE वा सो सरहको परीक्षामा प्राप्त गरेको अंक प्रतिशत/GPA | |
| १७. परिवारको प्रमुख आयश्रोत : | |
| १८. संलग्न कागजातहरु<br>● नेपाली नागरिकता/नाबालक परिचय पत्रको प्रतिलिपी<br>● शैक्षिक योग्यता (लव्धाङ्क पत्र) को प्रतिलिपी<br>● सामुदायिक बिद्यालयबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको व्यहोराको पत्र<br>● हाल अध्ययनरत शिक्षालयले नियमित अध्ययन गरिरहेको प्रमाणित गरेको पत्र<br>● अनुसूची-२ बमोजिमको प्रतिबद्धता पत्र<br>● वडा कार्यालयले अति बिपन्न र जेहेन्दार भनी प्रमाणित गरेको पत्र<br>● भबिश्यमा सरकारी सेवा प्रवेश गर्न अयोग्य हुने गरि फौजदारी कसुर प्रमाणित नभएको प्रहरी प्रतिवेदन | |
| निवेदकको नाम :<br>हस्ताक्षर<br>मिति : | |

अनुसूची–१

(दफा ४ को उपदफा (३) संग सम्वन्धित)

**प्रतिवद्धता पत्र**

यस गाउँपालिकाको वडा नं. ..........निवासी.............../............को नाति/नातिनी................./..............छोरा/छोरी म....................ले गाउँपालिकाबाट वितरण हुने छात्रबृत्ति प्राप्त गरि अध्ययन गर्न पाएको खण्डमा अध्ययन पश्चात गाउँपालिकामा रही कम्तिमा ................. बर्षसम्म सेवा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यदि मैले तोकिएको अवधीसम्म गाउँपालिकाभित्र रही सेवा नगरेको खण्डमा गाउँपालिकाले मलाई दिएको छात्रबृत्ति रकम असुल गरेमा मेरो मञ्जुरी रहनेछ ।

<table>
<tr><td colspan="2">अध्ययन गर्न चाहेको बिषय :</td></tr>
<tr><td colspan="2">अध्ययन गर्न चाहेको तह :</td></tr>
<tr><td colspan="2">लाग्ने समय (बर्ष) :</td></tr>
<tr><td>निवेदक<br>नाम :<br>ठेगाना :<br>सम्पर्क नं.<br>हस्ताक्षर :<br>मिति :<br>औंठाको छाप<br><table><tr><th>दायाँ</th><th>बायाँ</th></tr><tr><td></td><td></td></tr></table></td><td>रोहवर (गाउँपालिकाको प्रतिनिधि)<br>नाम :<br>पद :<br>हस्ताक्षर :<br>मिति :<br>छाप</td></tr>
</table>